

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

epratekdaily.com



कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ ०७ गते शुक्रवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 May 21 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६२


# कुरुवाबाट फैलिंदैछ समुदायमा सङ्क्रमण

प्रस, वीरगंज, ६ जेठ/

पर्साका ग्रामीण क्षेत्रमा सङ्क्रमण बढ्नुको प्रमुख कारण नारायणी अस्पतालका कुरुवाहरू भएको पाइएको छ।

नारायणी अस्पतालको आकस्मिक कक्ष, अब्जर्भेसन, आइसोलेशन, आइसियूका साथै भेन्टिलेटरमा राखिएका सङ्क्रमितहरूको हेरचाहमा आफन्तहरू खट्ने गरेका कारण कोरोना सङ्क्रमण गाउँटोलमा सरेको अनुगमनबाट पुष्टि भएको छ।

भर्खरै जिल्ला समन्वय समिति पर्साका सभापति नेकमहमद अन्सारीको संयोजकत्वमा गठित कोभिड एक्शन टीम (क्याट)ले नारायणी अस्पतालको अनुगमन गर्दा यस्तो दृश्य सार्वजनिक भएको हो। क्याटका सदस्य तबरेज अहमदले चिकित्सक, स्वास्थ्यकर्मीहरूबाट सेवाप्रवाहमा लापरवाही भएको भन्दै केही भन्न सक्ने अवस्था नरहेको उनको भनाइ छ। अस्पतालको आइसोलेशन,

## होम आइसोलेशनमा बसेकाबाट पनि सर्दै

पर्सा जिल्लामा होम आइसोलेशनमा बसेका सङ्क्रमितबाट पनि समुदायमा सङ्क्रमण सर्दैछ । सङ्क्रमणका शिकार भएकाहरूको नेगेटिभ रिपोर्ट आउनुपूर्व बजार क्षेत्रमा घुम्ने, तरकारी, किरानाका सामान खरीद गर्ने, औषधि खरीद गर्न आफैं जाने जस्ता गतिविधि गरिरहेका पाइएको छ । अहिले जिल्लामा होम आइसोलेशनमा दुई हजारभन्दा माथि सङ्क्रमित छन् । उनीहरूको सही तथ्याङ्क कसैसँग छैन ।

स्वास्थ्य कार्यालय, जिल्ला प्रशासन, नारायणी अस्पताल, महानगरपालिका कसैसँग सङ्क्रमितको सही र यकीन तथ्याङ्क छैन । एउटाले जारी गरेको तथ्याङ्क अर्कोसँग मेल खाँदैन र एकले अर्कालाई तथ्याङ्क राख्ने जिम्मेवारी भएको आरोप लगाएर पन्छिने गर्दै आएका छन् । वीरगंज महानगरपालिकामा १६ जनाको युनिटले सङ्क्रमित भएपछि एकपटक सोधखोज गर्दै अवस्था बुझ्ने कार्य गर्छ । तर योबाहेक १३ वटा पालिकामा यस्तो संयन्त्रको निर्माण गरिएको छैन । आफ्नो पालिकामा भएका सङ्क्रमितमध्ये कति अस्पतालमा, कति होम आइसोलेशनमा छन् भन्ने कसैले तथ्याङ्क राखेका छैनन् ।



नारायणी अस्पतालको कोरोना वार्डमा बिरामीभन्दा बढी कुरुवा रहेको दृश्य । तस्वीरः प्रतीक

सङ्क्रमित भर्ना भएका सबै कक्षमा उनीहरूका कुरुवाले स्याहारसुसार गर्दै आएको बताए। उनले चिकित्सक, नर्स, अहेबबाट गरिने सेवाहरू पनि सङ्क्रमितका आफन्तजन, जो उनीहरूको हेरचाहमा खटेका छन्, हरूले गर्दै आएको बताए। सङ्क्रमितको हेरचाहमा खट्नेहरू आफ्नो गाउँटोलमा जाने र घरपरिवारसँगै समुदायमा सङ्क्रमण फैलिरहेको उनले बताए । यसबारेमा अस्पताल प्रशासन र स्थानीय प्रशासनको आफूहरूले ध्यानाकर्षण गराएको उनको भनाइ छ।

क्याटका अर्का सदस्य सञ्जीव मिश्रले पनि सङ्क्रमितहरू भर्ना रहेका सबै कक्षमा उनीहरूका आफन्तहरूबाटै सेवा दिने कार्य भइरहेको बताए ।

सङ्क्रमितका आफन्तहरू अस्पतालमा डटेर खटेका छन्। उनीहरू आफूलाई पनि सङ्क्रमण सर्न सक्ने र आफूबाट अन्यलाई सङ्क्रमण सर्ने कुरामा लापरवाह देखिएका छन। सङ्क्रमितको प्रत्यक्ष सम्पर्कमा रहेका कुरुवाहरू पालो फेर्दा, अस्पतालबाट घर जाँदा र समुदायमा रहँदा उनीहरूबाट सङ्क्रमण फैलन सक्ने सम्भावना बढी हुने गरेको छ।

यसबारे अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले सङ्क्रमितका कुरुवाहरू अटेर र गैरजिम्मेवार भएको आरोप लगाए । उनले अस्पताल प्रशासनले यसबारे बारम्बार मनाही गर्दै आएको तर अटेर गरी बस्ने गरेको बताए । अस्पतालमा जनशक्ति अभाव रहेको कारण पनि उनीहरूको मनोबल बढेको र आफूहरूले आइसियू र भेन्टिलेटरमा एक/एक जना चिकित्सक, दुई/दुई जना स्वास्थ्यकर्मी र दुई/दुई जना सहयोगी गरी प्रत्येक कक्षमा पाँचजना राखिएको तर सङ्क्रमितको चाप अनुसार सो जनशक्ति पर्याप्त नभएको संयोजक डा दासले बताए। एकैपटक एउटा वार्डमा चारजना सङ्क्रमितको अक्सिजन सकिएको अवस्थामा दुईजना मात्र सहयोगी भएको र उनीहरूबाट दुईवटा सिलिन्डर मात्र ल्याउन सकिने भएकोले पनि त्यो अवस्था देखाएर कुरुवाहरू सङ्क्रमितसँग बस्ने गरेको बताए। अक्सिजन सिलिन्डरको अस्पतालमा अभाव छैन । तर ती सिलिन्डर तल राखिएको र सङ्क्रमितहरूलाई दुई र तीन तलामा राखिएका कारण त्यहाँसम्म सिलिन्डर ल्याउन र लैजानमा समस्या हुने गरेको छ।

# ८२ जना सङ्क्रमित थपिए

प्रस, वीरगंज, ६ जेठ/

नारायणी अस्पताल वीरगंजको प्रयोगशालाले बुधवार राति ८२ जना सङ्क्रमित पुष्टि गरेको छ।

अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले २८८ जनाको स्वाब नमूना सङ्कलन गरी पिसिआर परीक्षण गर्दा ८२ जना सङ्क्रमित थपिएको बताए।

उनले थप सङ्क्रमितमा पर्साका ४३ जना, बाराका २२ जना, रौतहट र सर्लाहीका ७/७ जना, सप्तरी, धनुषा र महोत्तरीका १/१ जना रहेको बताए ।

सङ्क्रमितहरूमा २६ जना महिला र ५६ जना पुरुष छन् भने उनीहरूको उमेर १७ देखि ७७ वर्षसम्म रहेको छ।



सङ्क्रमितहरूको सिटी भ्यालू १४ देखि ३५.४ रहेको संयोजक डा दासले बताए।

# वीरगंज भन्सारले राजस्व लक्ष्य प्राप्त गर्न सक्ने

राधेश्याम पटेल, वीरगंज, ६ जेठ/

कोरोना महामारीको दोस्रो चरणमा जताजतै निषेधाज्ञा, उद्योग, कलकारखाना एवं व्यापार प्रभावित भएपछि त्यसको नकारात्मक असर भन्सारको राजस्व असुलीमा पनि परेको छ।



वीरगंज भन्सार कार्यालय। तस्वीर : फाइल

वैशाख मसान्तमा वीरगंजस्थित दुईवटा भन्सार कार्यालयको राजस्व असुली प्रभावित भएको छ। वीरगंजका दुवै भन्सार कार्यालय (पुरानो आइसिपी) बाट न्यून मालवस्तु भित्रिंदा राजस्वमा गिरावट आएको भन्सार अधिकारीहरूले बताएका छन्।

विशेषगरी वैशाख १६ गतेदेखि पर्सामा निषेधाज्ञा जारी भएकोले कामकाज तथा मालवस्तु मगाउने र छुटाउने काममा कमी आएको वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत हरिहर पौडेलले जानकारी गराए।

कोरोनाको पहिलो लहरको समाप्तिसँगै गत माघदेखि लयमा फर्केको वीरगंज भन्सार र श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालयको राजस्व सङ्कलन वैशाखमा पुनः ओरालो लागेको छ। यी दुवै भन्सार कार्यालयले वैशाखको राजस्व लक्ष्य भेटाउन सकेका छैनन्।

वीरगंज भन्सारका प्रमुख भन्सार अधिकृत पौडेलका अनुसार वैशाखमा रु ७ अर्ब ९ करोड ५४ लाखको लक्ष्य पाएको यो भन्सारले रु ६ अर्ब २२ करोड ९७ लाख मात्र राजस्व सङ्कलन गरेको छ भने चालू आवमा वैशाखसम्म रु १ खर्ब ३५ अर्ब ९५ करोड राजस्व असुलीको लक्ष्य पाएकोमा रु १ खर्ब ४१ अर्ब १५ करोड रुपियाँ सङ्कलन गरेको छ। यस भन्सार कार्यालयले चालू आवको लागि रु १ खर्ब ७० अर्ब ७६ करोड राजस्व असुली गर्ने लक्ष्य पाएको छ।

वीरगंजस्थित सुक्खा बन्दरगाह भन्सार कार्यालयको वैशाखमा रु ५ अर्ब १३ करोड ६६ लाख सङ्कलन गर्ने लक्ष्य रहेकोमा ३ अर्ब ७८ करोड १ लाख राजस्व असुली गरेको जनाएको छ । भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत लालबहादुर खत्रीका अनुसार यो भन्सारले चालू आवको वैशाखसम्म रु ३५ अर्ब १ करोड लक्ष्य पाएकोमा ३३ अर्ब ९३ करोड ६२ लाख मात्र राजस्व सङ्कलन गरेको छ। प्रमुख भन्सार अधिकृत खत्रीले कोरोना महमारीमा पर्सा, बारामा लगाइएको निषेधाज्ञाले मालवस्तुको आयात तथा कार्यालयको सेवा प्रभावित हुँदा राजस्वमा ह्रास आएको बताए। वीरगंज नाकाबाट मुख्यतः पेट्रोलियम पदार्थ, सवारी साधन,रेडिमेड कपडा, गार्मेन्ट उद्योगका कच्चा पदार्थ, हार्डवेयर सामान, फूड स्टफ, चकलेट, फलाम, ट्रेडिङका सामानहरूको आयात हवात्तै घटेको छ।

# नारायणीको मेसुमा डा प्रधान

प्रस, वीरगंज, ६ जेठ/

नारायणी अस्पताल वीरगंजको



मेडिकल सुपरिटेन्डेन्टको जिम्मेवारी डा वीरेन्द्र प्रधानले सम्हालेका छन्। नारायणी अस्पतालका मेसु डा सञ्जय ठाकुरको सरुवा वीर अस्पताल काठमाडौंमा भएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मेसुको जिम्मेवारी डा प्रधानलाई दिएसँगै बिहीवार उनले कार्यभार सम्भालेका हुन्।

नारायणी अस्पताल विकास समितिका अध्यक्ष पुरेन्द्रकिशोर लाभसमेत अस्पतालका चिकित्सक, कर्मचारीहरूले नयाँ मेसु डा प्रधानलाई उनको कार्यालयमा स्वागत गरेका थिए।

मेसुको कार्यभार सम्हालेका डा प्रधानले नारायणी अस्पतालमा लामो समयदेखि सेवा दिंदै आएका छन्।

# अक्सिजन प्लान्ट जडान गर्ने योजना स्थगित

प्रस, वीरगंज, ६ जेठ/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले नारायणी अस्पतालमा जडान गर्ने अक्सिजन प्लान्टको योजना स्थगित गरेका छन्।

पर्सा क्षेत्र नं २ का सांसद विमलप्रसाद श्रीवास्तवले यसअघि नै अस्पतालमा अक्सिजन प्लान्ट निर्माणका लागि अस्पताललाई संसदीय विकास कोषबाट दुई करोड रुपैयाँ दिइसकेका छन् र अस्पतालले प्लान्ट स्थापनाका लागि रु १ करोड ४८ लाखमा ठेक्कासमेत दिइसकेको छ। ठेक्का दिएको तर काम शुरू नभएको अवस्थामा अहिले सरकारले समेत अक्सिजन प्लान्ट निर्माणको लागि नारायणी अस्पताललाई रकम निकासा गरिसकेको कारण महानगरपालिकाले ठेक्का दिएको सो कार्य स्थगित गरेको नगरप्रमुख सरावगीले विज्ञप्ति जारी गर्दै जानकारी गराएका छन्।



तस्वीरः सौजन्य

नगरप्रमुख सरावगीले अक्सिजन प्लान्ट निर्माणका लागि सहयोग गरेका दाताहरूको सहमतिमा नारायणी अस्पतालमा कोभिड नियन्त्रणका अन्य कार्यमा खर्च गर्ने बताएका छन्। उनले अस्पतालमा ३ सय केभिएको ट्रान्सफर्मर र २० केभिएको युपिएसको आवश्यकता रहेकोले महानगरपालिकाले सो जडान गर्न पहल गर्ने जानकारी गराएका छन्।

# दृढ इच्छाशक्तिले कोरोनालाई पराजित गर्न सकिन्छ -उपप्रमुख कार्की

प्रस, परवानीपुर, ६ जेठ/

वीरगंजकी उपप्रमुख शान्ति कार्की कोरोनामुक्त भएकी छन्। ९१ वर्षीया उपप्रमुख शान्ति कार्कीमा एक साताअघि कोरोना सङ्क्रमण पुष्टि भएकोमा उनी वीरगंज महानगरले गोपालमण्डली धर्मशालामा सञ्चालन गरेको आइसोलेशन सेन्टरमा उपचाररत थिइन्। बिहीवार बिहान उनी निको भएर घर फर्केकी छन्।



गोपालमण्डलीको आइसोलेशनबाट कोरोनामुक्त भएपछि उपप्रमुख कार्कीको साथमा नगरप्रमुख विजयकुमार सरावगीलगायत। तस्वीरः प्रतीक

वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगी र प्रमुख प्रशासकीय अधिकृत प्रदीप निरौला उनलाई लिन आइसोलेशन पुगेका थिए । सञ्चारकर्मीहरूसँग कुरा गर्दै उपप्रमुख कार्कीले कोरोनालाई पराजित गर्न दृढ इच्छाशक्तिले काम गरेको प्रतिक्रिया दिएकी छन् । त्यसैगरी, नगरप्रमुख सरावगीले उपप्रमुख शान्ति कार्कीलाई सकुशल घर पठाउन पाउँदा खुशी लागेको बताए। उनले भने– कोरोनालाई डरले होइन, बलियो मन बनाएर हराउन सकिन्छ।"

## विचारसार र सूक्तिहरू

बूढेसकाल एउटा बानी मात्र हो । कार्यव्यस्त मानिससँग यति समय कहाँ हुन्छ र यस्तो नचाहिंदो बानी पालोस् ।

–आन्द्रे मोर्वा


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: www.prateekdaily.com


## निषेधाज्ञा मात्रकै भर नपरौं

**कोरोनाले गर्दा मानवीय जीवनको सबै क्षेत्र अस्तव्यस्त बनेको छ । यो अझ जटिल र जटिलतर बन्दै गएको छ । यसबारे भइरहेका अनुसन्धानहरूले झन् कत्राकत्रा बित्पातका कुरा प्रकाशमा ल्याइरहेका छन् । ती सबैको सामान्यस्तरमा प्रसारण हुने हो भने मानिसको जीवन दुष्कर बन्न पुग्छ । रोगभन्दा अहिले मनोविज्ञानले मानिसलाई थला पार्न थालेको छ । नकारात्मकताबाहेक अन्य सुन्न पाईंदैन । त्यसमाथि सरकारको निषेधाज्ञाले मानसिक पीडा पुऱ्याउन थालेको छ । कोरोना महामारीले शरीरमा भौतिक क्षति पुऱ्याउने खतरा छ भने निषेधाज्ञाले मानसिक क्षति पुऱ्याउने अवस्था सिर्जना भइसकेको छ । किनकि कुनै पनि कुरा सहने एउटा सीमा हुन्छ । तर यहाँ नखाउँ भने दिनभरिको शिकार, खाउँ भने कान्छा बाबुको अनुहारजस्तो स्थिति छ । घरमैं थन्किरहँदा मानसिक रोगले गाँज्ने चिन्ता, बाहिर निस्कँदा अप्रत्यक्षरूपमा कोरोना र प्रत्यक्षमा प्रहरीको भयबाट मानिस त्रस्त छ । यी हुन् प्रत्यक्ष देखिएका समस्या । यसमा धेरै अप्रत्यक्ष समस्या पनि लुकेको छ, जुन समयक्रममा देखिंदै जानेछ ।**

**मानिस कति घरी घरभित्र कैद बस्न सक्छ ? कति घरी कोरोनाको भयले उसलाई सताउँछ ? किनकि यीबाहेक पनि धेरै कुरा छन्, जुन मानिसका लागि आवश्यक मानिएका छन् । अहिले कोरोनाले शारीरिक र मानसिक रोगको भय उत्पन्न गरेको छ, भोलि पनि शरीर र मनको भोकको अर्को संस्करण जन्मने छ । शरीरको भोक दुनियाँको सबैभन्दा ठूलो रोग हो । यसको उपचार मानिस, यस धरातलमा जन्मेदेखि आजसम्म हुन सकेको छैन। यसको एकमात्र उपचार हो भोजन। र भोजन प्राप्त गर्नका लागि कस्ताकस्ता मुश्किलको सामना गर्नुपर्छ, त्यो सबैलाई थाहा छ। मानिसले पेट भर्नका लागि जस्तो पनि काम गर्छ । श्रम गर्छ, बुद्धि खियाउँछ र कतिपटक नचाहिंदो काम पनि गर्छ । तर भोक शमनका लागि गरिएको कुनै पनि कर्मलाई न धर्म, न समाज कसैले पनि हेय ठान्दैन। हाम्रो धर्मशास्त्रमा त भनिएकै छ–बुभुक्षु किं नकरोति पापम् । मान्छे भोको भएपछि पापकर्म पनि गर्छ । मानिसले पाप कर्म नगरोस् त्यसका लागि सरकार सतर्क हुनुपर्छ। त्यसैले आजको सभ्य समाजमा सरकारहरूले राष्ट्रिय धनको समानुपातिक वितरणमा जोड दिएका हुन्छन् ।**

**यो अलग कुरा हो कुन सरकारले यसको कार्यान्वयनलाई चनाखो भएर पूरा गरेको छ र कसले गरेको छैन । जहाँ भएको छ ती मुलुक आज विश्व नियन्ता बनेका छन्, जसले गरेको छैन, ती पत्रु र जन–घृणाका पात्र बनेका छन् । त्यहाँ घनीभूत अराजकता, लुटमार, तस्करी, भ्रष्टाचार, चोरी–डाँकाजनी, हिंसा, विवाद जन्मिने गर्दछ। यी सबको पछाडि मानिसले आफूलाई सुरक्षित राख्ने मनोविज्ञानले काम गरेको हुन्छ। शरीर र मानसको सुरक्षा। जब न्यायपूर्वक कुनै चीज हासिल हुँदैन भने मानिस त्यसलाई अन्यायपूर्वक हासिल गर्न खोज्दछ । अनि त्यहाँ झन्झन् अराजकता बढ्दै जान्छ । अराजकता भौतिक होइन, त्यो त अल्पकालको मात्र हुन्छ, विचारमा, सोचमा, स्वार्थका लागि हुने अराजकता भयावह हुन्छ । यसर्थ घरमा थुनिएका र निम्सरा नागरिकको भोक शान्त पार्ने जमर्को आजको आवश्यकता बनेको छ । कसरी हुन्छ, त्यो सोच्ने काम सरकारको हो । जनस्तरबाट यस्तो कामको पहल भयो भने सरकारले विरोधको संज्ञा दिन्छ । अन्यथा, परिणाम त घामझैं छर्लङ्ग छ। विरोध नाघेर विद्रोह बन्छ, विद्रोहले विग्रह जन्माउँछ, जुन कोरोनाभन्दा भयावह हुन्छ।**

# कोरोना नियन्त्रणमा स्थानीय निकायको आर्थिक भूमिका

जानकारहरू भन्छन् विश्वले कोराना सङ्क्रमणबाट मुक्ति पाउन अझै वर्षौं लाग्न सक्छ। विकसित वा धनी देशहरूले केही वर्षभित्र कोरोना सङ्क्रमण नियन्त्रण गर्न सके पनि निर्मूल भने पार्न सक्तैनन् । कोरोना सङ्क्रमणको भय उनीहरूको पनि शिरमाथि झुन्डिएको तरबारझैं रहिरहने छ । तर आर्थिक सबलताको कारणले कोरोना सङ्क्रमणले गर्ने राष्ट्रिय आर्थिक क्षतिको ती राष्ट्रहरूले न्यूनीकरण भने गर्दै लानेछन्। कोरोना उनीहरूको लागि अति जटिल एवं ज्यादै गम्भीर समस्या भने हुनेछैन।

नेपालजस्तो विकासशील राष्ट्रको लागि भने कोरोना सङ्क्रमण दीर्घकालीन समस्या बन्न सक्छ, जटिल र गम्भीर रहिरहन सक्छ। साधन र स्रोतको अभाव तथा भारतबाट अनियन्त्रित किसिमले हुने नेपाल प्रवेशले गर्दा नेपालले कोरोना सङ्क्रमण छोटो अवधिमा निर्मूल गर्न सक्ने सम्भावना परपरसम्म देखिन्न। नियन्त्रण मात्र गर्न पनि वर्षौं लाग्न सक्छ। त्यसकारण नेपालले स्थानीय एवं सङ्घीय दुवै स्तरमा कोरोना सङ्क्रमणका लागि एउटा दीर्घकालीन स्वास्थ्य एवं आर्थिक नीति निर्माण गर्न अत्यावश्यक छ । सार्थक नीति निर्माणका साथै कार्यान्वयनको नियमित अनुगमन पनि उत्तिकै आवश्यक छ।

अहिले वर्तमानको कुरा गरौं । कोरोना सङ्क्रमण अहिले नियन्त्रण गर्न नसकिनेगरी देशभरि फैलिएको छ । नेपालभरि कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको सङ्ख्या ४ हजार नाघेको छ । नेपालमा अहिले सरदर यो रोगबाट २०० व्यक्तिहरूको मृत्यु भइरहेको छ भनी समाचारहरूले उल्लेख गरेका छन्। विगत २४ घण्टा (जेठ ५ गते) भित्र २४६ जनाले यस सङ्क्रमणको कारण ज्यान गुमाएका छन् । यो अवस्थाले कोरोना सङ्क्रमण दिन प्रतिदिन नेपालमा भयावह बन्दै गएको स्थितिको पुष्टि गर्दछ । विगतमा २४ घण्टमा, यति धेरै व्यक्तिको ज्यान गएको थिएन । यो पहिलो घटना हो ।

नेपालमा धेरैले कोरोना सङ्क्रमण नियन्त्रण एवं व्यवस्थापनका लागि अहिले प्रमुख जिम्मेवार सङ्घीय सरकारलाई देखे तापनि यो विशेष परिस्थितिमा भने खास जिम्मेवार भनेको स्थानीय सरकार वा निकायहरू हुन् । कोरोना सङ्क्रमण नियन्त्रण एवं व्यवस्थापन गर्न नगर एवं गाउँपालिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् र गर्नु पनि पर्छ । पालिकाका जनप्रतिनिधिहरूले यो विशेष परिस्थितिमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ ।

केवल केन्द्र (सङ्घीय सरकार) को आलोचना गरेर, त्यसको मुख ताकेर वा त्यसलाई प्रमुख जिम्मेवार देखेर समय बर्बाद गर्ने हो भने कोरोना सङ्क्रमणले आफ्नो रौद्ररूपमा झनै विस्तार गर्नेछ। मर्ने नागरिकको सङ्ख्या झनै बढ्दै जानेछ। नेपालजस्तो गरीब र साधनविहीन राष्ट्रको लागि कोरोना सङ्क्रमण नियन्त्रण असम्भव हुँदै जानेछ।

स्थानीय अस्पतालमा शय्याहरूको वृद्धि गर्न, आइसोलेशन केन्द्रहरूको विस्तार गर्न, अक्सिजन आपूर्ति नियमित गर्न, जीवन रक्षा गर्ने औषधिहरूको वितरण सहज पार्न नगर एवं गाउँ पालिकाका जनप्रतिनिधिहरूले विशेष भूमिका खेल्नुपर्छ। गाउँपालिकाका जन प्रतिनिधिहरूले झनै विशेष भूमिका खेल्नुपर्छ किनभने नेपालका प्रायः गाउँ पालिकाहरू केन्द्रमुखी छन् । स्वास्थ्य सुविधाका लागि छेउका शहरमा आश्रित हुन बाध्य छन् । धेरै गाउँपालिकाहरू यस्ता छन् जोसँग बलियो त परको कुरा, सामान्य स्वास्थ्य पूर्वाधारसमेत छैन । स्वास्थ्य सुविधाका लागि गाउँपालिकहरू अहिले पनि धेरै पछाडि छन् । छेउको शहर र केन्द्रप्रति अति निर्भरताले गर्दा गाउँपालिकाहरूको यस्तो स्थिति हुन पुगेको हो। खासमा हरेक गाउँमा एउटा सामान्य अस्पताल र प्रत्येक गाउँपालिकामा एउटा सुविधासम्पन्न अस्पताल हुनुपर्ने हो । अबको यो स्थितिमा स्थानीय स्रोत एवं साधन प्रयोग गरेर गाउँपालिकाहरूले स्थानीय स्तरमा अस्पताल स्थापना गर्न आवश्यक छ। यस कार्यको लागि केन्द्रको मुख ताक्ने परिपाटी त्याग्न आवश्यक छ।

निषेध व्यवस्थाले गर्दा अहिले धेरै परिवारले रोजगार गुमाएको छ। प्रत्येक दिनको आम्दानीले जीवन गुजारा गर्नेहरूको लागि कोरोना सङ्क्रमण अहिले रोगभन्दा भोकले मार्ने शत्रुको रूपमा प्रस्तुत भएको छ। यस्तो स्थितिमा गरीब परिवारको जीवन रक्षा गर्न नगर एवं गाउँपालिकाहरूले 'खाद्य बैंक' को स्थापना गरेर त्यस बैकबाट गरीब परिवारको लागि भोजनको व्यवस्था गर्न आवश्यक छ। पालिकाहरूले धनी परिवारबाट खाद्य पदार्थ लिएर खाद्य बैंक बलियो पार्ने हो भने यस किसिमको खाद्य बैंकबाट ती निकायहरूले धेरै गरीब परिवारलाई सहयोग गर्न सक्छन् ।

स्थानीय स्रोत एवं साधनको उचित व्यवस्थापन गरेर स्थानीय निकायहरूले राम्रो आयआर्जन गर्न सक्छन् । स्थानीय स्रोत ठेक्कामा सञ्चालन गर्न दिएर तथा स्थानीय कर सङ्कलन गरेर पालिकाहरूले एउटा राम्रो कोष निर्माण गर्न सक्छन् र उक्त कोषको उपयोग हालको परिस्थितिले गर्दा पीडित हुन पुगेका गरीब परिवारलाई सहयोग गर्न सक्छन् ।

अहिले कोरोनो सङ्क्रमणको विस्तार रोक्न जति आवश्यक छ, त्यतिकै आवश्यक यस सङ्क्रमणाले गर्दा आम्दानीविहीन हुन पुगेका गरीब परिवालाई आर्थिक सहयोग गर्न। मुख्यतः गाउँपालिकाहरूले यसतर्फ गम्भीर भएर सोचन आवश्यक छ । नेपालका बहुसङ्ख्यक गाउँपालिका गरीब छ। तर अर्को राम्रो कुरा के छ भने गरीब भए तापनि साधन र स्रोतले भने पूर्ण छन्। केवल उनीहरूले आफ्ना ती स्रोत साधनको सही पहिचान र प्रभावकारी प्रयोग मात्र गर्न सकेका छैनन् ।

प्रकृतिले हरेक स्थानलाई विनाभेदभाव केही न केही महत्त्वपूर्ण स्रोतहरू दिएको नै हुन्छ। अरबका देशहरूमा कृषि राम्रो गरी फस्टाउन नसके तापनि ती देशहरूले प्रकृतिबाट तेल भण्डार प्राप्त गरेका छन्। प्रकृतिले ती देशहरूलाई विश्वका अनेक राष्ट्रमा निर्यात गर्न सक्ने क्षमतासहितको तेल भण्डारहरू दिएको छ । आज ती देशहरूले त्यही तेल भण्डार उपयोग गरेका छन्, धनी भएका छन्। उनीहरूको राष्ट्रिय अर्थव्यवस्था नै तेल आश्रित हुन पुगेको छ ।

नेपालका स्थानीय निकाय र मुख्यगरी गाउँपालिकाहरूले स्थानीय स्रोत एवं साधनको प्रयोग गरेर राम्रो आय आर्जन गर्न सक्छन् ।

स्थानीय निकायहरूको काँधमा अहिले ऐतिहासिक जिम्मेवारी आएको छ। यो सङ्कटको घडीमा राजनीतिक दलहरूले पनि आफ्ना मत–मतान्तर बिर्सेर एकजुट भई आआफ्नो स्थानमा स्वास्थ्य सेवा विस्तार गर्न जुट्नु आवश्यक छ। हरेक गाउँपालिकामा एउटा सर्वदलीय सन्यन्त्र निर्माण गरेर जनप्रतिनिधिहरू आआफ्नो क्षेत्रमा सक्रिय हुँदै जनसेवामा लाग्न आवश्यक छ। यस्तो गर्न सकिए स्थानीय स्रोत एवं साधनको विकास गरेर बहुसङ्ख्यक नेपालीको ज्यान जोगाउन सकिन्छ, कोरोना सङ्क्रमणसँग लड्न सकिन्छ।

अर्थविशेष




विश्वराज अधिकारी

akoutilya@gmail.com


**हरेक गाउँपालिकामा एउटा सर्वदलीय सन्यन्त्र निर्माण गरेर जनप्रतिनिधिहरू सक्रिय हुँदै जनसेवामा लाग्न आवश्यक छ। यस्तो गर्न सकिए स्थानीय स्रोत एवं साधनको विकास गरेर बहुसङ्ख्यक नेपालीको ज्यान जोगाउन सकिन्छ, कोरोना सङ्क्रमणसँग लड्न सकिन्छ।**

# "ताउ-ते" कमजोर बन्दै : नेपालमा कम असर

नारायण ढुङ्गाना, काठमाडौं, ६ जेठ/रासस

केही दिनअघि पूर्व–मध्य अरब सागरबाट विकसित शक्तिशाली समुद्री आँधी 'ताउ–ते' को प्रभाव विस्तारै कमजोर हुँदै गए पनि नेपाललगायत विभिन्न मुलुकमा यसको असर कायमै छ ।

'ताउ–ते'को प्रभावले आज पनि ठाउँठाउँमा वर्षा भइरहेको छ। करीब–करीब मुलुकभरको मौसममा बदली आएको छ । जल तथा मौसम विज्ञान विभाग हावापानी केन्द्रका मौसमविद् समिर श्रेष्ठले पछिल्लो एक घण्टादेखि मुलुकका अधिकांश भागमा पानी परिरहे पनि भारी वर्षा भने नरहेको जानकारी दिए। गए राति र बिहान भने नेपालको पश्चिमी क्षेत्रका केही भागमा भारी वर्षा भएको उनले बताए । सबैभन्दा बढी लुम्बिनीमा ७८ मिलिमिटर पानी परेको छ । त्यसपछि डडेलधुरामा ७१, कञ्चनपुरको शान्तिपुरमा ५५, बैतडीमा ५१ मिलिमिटर पानी परेको छ ।

"अहिले भारी वर्षा त छैन तर बदली कायमै रहेकोले सामान्य वर्षा जारी छ, साँझ केही ठाउँमा भारी वर्षाको सम्भावना छ, भोलि (शुक्रवार) देखि केही खुल्दै जान सक्छ"– श्रेष्ठले रासससँग भने। उनका अनुसार ताउतेको प्रभाव पनि कमजोर बन्दै गएको र नेपालमा त्यसको असर पनि कम परेको जानकारी दिए ।

ताउ–ते आज भारतको राजस्थान आसपास छ । त्यसको प्रभाव बुधवारभन्दा थप कमजोर छ र अहिले उत्तर पूर्वतिर अगाडि बढ्दै छ। नेपालमा अहिले पश्चिमी न्यून चापीय प्रणालीको प्रभावसमेत रहेकोले मौसममा बदलाव आइरहेको हो ।



भारतमा समुद्री आँधी 'ताउ–ते'बाट भएको क्षतिको दृश्य । तस्वीरः एजेन्सी

विभागका अनुसार हाल देशभर सामान्यदेखि पूर्ण बदली छ । काठमाडौं उपत्यकामा पनि बुधवार साँझदेखि नै सिमसिम पानी परेको थियो । यो क्रम आज बिहानसम्म कायम रहेको तर अहिले केही खुले पनि पानी रोकिएको छैन । आज प्रदेश नं १, गण्डकी प्रदेश र वाग्मती प्रदेशका थोरै स्थानमा भारी वर्षाको सम्भावना रहेको तथा उच्च हिमाली भू–भागका केही स्थानमा भारी हिमपात/वर्षा हुने अनुमान छ ।

विभागका अनुसार आज राति देशभर सामान्यदेखि पूर्ण बदली रहने छ। देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । कर्णाली प्रदेश, सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षाको पनि सम्भावना छ। उच्च हिमाली भूभागका धेरै स्थानमा हल्कादेखि मध्यम हिमपात/वर्षाको सम्भावना छ ।

शुक्रवार दिउँसो देशका धेरैजसो भूभागमा आंशिकदेखि सामान्य बदली हुने र थोरै स्थानमा मेघगर्जन/चटचाङसहित मध्यम वर्षाको सम्भावना रहेको र राति प्रदेश नं १ लगायत देशका बाँकी पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली र बाँकी भूभागमा सामान्यतः सफा रहने विभागले जनाएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले अहिलेसम्म ताउतेबाट ठूलो क्षतिको घटना जानकारीमा नआएको बताए । उनले मौसममा बदली कायमै रहेकोले सावधान रहन जोड दिए ।

ताउतेले नेपालको हिमाली क्षेत्रलाई समेत प्रभावित बनाएको छ । गएको साता हिमाल आरोहणमा निस्केका आरोही रोकिएका छन्। उनीहरू मौसम खुल्ने प्रतीक्षामा छन् । सगरमाथा आरोहीसमेत अनुकूल मौसमको प्रतीक्षामा रहेको जनाइएको छ। ताउतेले सबैभन्दा बढी असर भारतमा गरेको थियो। प्राप्त विवरण अनुसार यसले मध्य र पूर्वी भारत, बङ्गलादेशको उत्तरी भूभाग, नेपाल तथा भूटानमा समेत प्रभाव पारेको छ ।

शुरूमा अरब सागरबाट आएको उक्त चक्रवातले भारतको पश्चिम तटीय क्षेत्र महाराष्ट्र र गुजरातमा प्रभाव पारेको थियो। बुधवार बिस्तारै उत्तर सर्ने क्रममा दिल्ली, उत्तरप्रदेश, बिहार, झारखण्ड, पश्चिम बङ्गालमा बदली गरेको थियो । अहिले यो भारतको राजस्थानबाट उत्तरपूर्वतिर गइरहेको छ ।

प्राधिकरणका अनुसार वैशाख १ देखि यही जेठ ५ गतेसम्म मुलुकका विभिन्न क्षेत्रमा ४७४ विपद्जन्य घटना भएका छन् । उक्त घटनामा परी ३३ जनाले ज्यान गुमाएका छन् भने १४२ जना घाइते भएका छन् । सबैभन्दा बढी चटचाङले २१ र आगलागीबाट सातजनाको मृत्यु भएको छ ।


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## संयुक्त राष्ट्रसङ्घद्वारा गाजामा युद्धविराम गर्न आग्रह

संयुक्त राष्ट्रसङ्घ, ६ जेठ/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी कोष, युनिसेफले मध्यपूर्वमा युद्धविराम गरेर त्यहाँका बालबालिकाको सुरक्षा गर्न आग्रह गरेको छ । मध्यपूर्वमा जारी हिंसामा लाखौं बालबालिका असुरिक्षत भएका र उनीहरूको अवस्था नाजुक भएको भन्दै सो आग्रह गरिएको हो ।




संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी कोष, युनिसेफका प्रमुखले सो आग्रह गरेका हुन् । गाजामा जारी हिंसाले अवस्था दिन प्रतिदिन गम्भीर भएको उनले बताएका छन् । त्यसैले सो क्षेत्रमा युद्धविराम गर्न र समस्याको शान्तिपूर्ण समाधान खोज्नका लागि उनले आग्रह गरेको समाचारमा जनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घीय बालबालिकासम्बन्धी कोषका कार्यकारी निर्देशक हानरिता फोरले यो हिंसाले यहाँ परिवारहरू मारिएका र घरबारविहीन भएकाले नागरिक समस्यामा परेका, जसको असर बालबालिकामा परेको बताएका छन् ।

युद्धग्रस्त क्षेत्र गाजाबाट कम्तीमा पनि ३० हजार जना बालबालिका विस्थापित भएका बताइएको छ । प्यालेस्टिनीहरूको अधीन रहेको सो क्षेत्रका ठूलो सङ्ख्याका बालबालिका समस्यामा परेको सो कोषको भनाइ छ ।

साथै गाजा क्षेत्रमा बढ्दो हिंसाका कारण यहाँका कम्तीमा दश लाख बालबालिकामा प्रत्यक्ष तथा अप्रत्यक्षरूपमा युद्धको असर परिरहेको पनि उनले बताएका छन् । सो क्षेत्रमा बालबालिकासहित सबै नागरिकका लागि आवश्यक मानवीय सहायता पनि पुग्न नसकेको संयुक्त राष्ट्रसङ्घीय सो निकायले बताएको छ ।

## बुर्किनाफासोमा भएको हिंसामा २७ जनाको मृत्यु

ओगादुगु, ६ जेठ/सिन्ह्वा

बुर्किनाफासोमा मङ्गलवार अज्ञात बन्दुकधारीहरूको एक समूहले कम्तीमा पनि १५ जना स्थानीय नागरिकको हत्या गरेको बताइएको छ ।

उत्तरी बुर्किनाफासोको आउडल्यान्ड प्रान्तको आडजाराना भन्ने स्थानमा सो हत्याकाण्ड भएको हो ।

मङ्गलवार यस गाउँमा आएका ठूलो सङ्ख्याका हतियारधारीहरूले अन्धाधुन्ध गोली प्रहार गरेर गाउँलेको ज्यान लिएका थिए । त्यस्तै यहाँको उत्तरी राएल क्षेत्रमा सेनाले गरेको कारबाईमा परेर १२ जना हतियारधारी मारिएका छन् ।

उनीहरू पनि गाउँलेमाथि आक्रमण गर्न सो क्षेत्रमा पुगेका थिए । त्यस क्रममा सेनाले गरेको कारबाईमा उनीहरू मारिएका हुन् । मङ्गलवार बुर्किनाफासोको आउडल्यान्ड प्रान्तको आडजारानामा पुगेका हतियारधारीले गरेको हमलामा मारिएका १५ जना स्थानीय गाउँले रहेका बताइएको छ ।

सो प्रान्तमा केही समय यतादेखि जातीय हिंसा शुरू भएको पाइएको छ । त्यस हिंसामा परेर एक हजारभन्दा बढी नागरिकको ज्यान गएको छ भने अरू लाखौं विस्थापित भएका छन् । रासस

## राष्ट्रपति बाइडेनद्वारा युद्ध रोक्न इजरायलसँग फेरि अनुरोध

गाजा सिटी, ६ जेठ/एपी

इजरायलले बिहीवार बिहानैदेखि गाजापट्टीका विभिन्न स्थानमा भीषण हवाई हमला शुरू गरेको छ । आक्रमणबाट कम्तीमा एकजना प्यालेस्टिनी नागरिकको मृत्यु हुनुका साथै अन्य धेरैजना घाइते भएका छन् ।

गाजाको विद्रोही हमास समूहविरुद्ध प्रत्याक्रमण रोक्न अमेरिकी दबाबलाई बेवास्ता गर्दै प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले सैनिक कारबाईलाई निरन्तरता दिएका छन् । पछिल्लो युद्ध शुरू भएयता गाजामा सरकार चलाइरहेको हमासका लडाकूले इजरायलमाथि हजारौं क्षेप्यास्त्र प्रहार गरिसकेका छन् ।

बिहीवार सबेरै गाजा शहर विस्फोटबाट हल्लिएको थियो भने आकाशमा आगोका लप्का माथिसम्म देखिएको थियो । इजरायली आक्रमणहरू मध्य शहर डायर अल–बलाह र दक्षिणको खान युनिस शहरमा पनि भएको थियो ।

बिहान हेर्दा खान युनिस शहरका पाँच घर बम आक्रमणबाट ध्वस्त भएको पाइएको थियो । गाजा शहरको व्यापारिक केन्द्रको रूपमा रहेको अल–सफ्तावी स्ट्रिटमा पनि भीषण आक्रमण भएको थियो ।

इजरायली सेनाले हमासका कमान्डरका कम्तीमा चारवटा घर ध्वस्त पारेको जनाएको छ । खान युनिसमा खवाल्डी परिवारको दुई तले भवन क्षतिग्रस्त भएको छ । डरका कारण घर छाडेर ११ सदस्यीय खवाल्डी परिवार नजीकैको अर्को घरमा बस्न थालेको थियो । तर आक्रमणबाट उनीहरू पनि घाइते भएका र अस्पताल भर्ना गरिएको छिमेकी शाकेर अल–खोजोनदारले बताए ।

हालको सैनिक कारबाईबाट सयौं व्यक्तिको ज्यान गइसकेको भन्दै अमेरिकी राष्ट्रपति जो बाइडेनले कारबाई रोक्न इजरायली प्रधानमन्त्री नेतन्याहूलाई दुईपटक आग्रह गरेपनि त्यसलाई बेवास्ता गरिएको छ । गत साता लडाइँ शुरू भएयता दुई मुलुकबीच तिक्तता पहिलोपटक सतहमा देखा परेको छ ।

सैनिक मुख्यालयको भ्रमणपछि प्रधानमन्त्री नेतन्याहूले बुधवार अमेरिकी राष्ट्रपतिको समर्थनको प्रशंसा गरेका थिए । नेतन्याहूले आफ्ना नागरिकको सुरक्षाको प्रत्याभूति हुने अवस्था सिर्जना नहुँदासम्म सैनिक कारबाईलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

अमेरिकी राष्ट्रपति बाइडेनले प्रधानमन्त्री नेतन्याहूलाई फोन गरी युद्धविराम गर्नेगरी आफ्ना आक्रामक कारबाई स्थगित गर्न आग्रह गरेका थिए । तर पहिलोपटक फोन गर्दा बाइडेनले इजरायलमाथि दबाब दिएका थिएनन् । तर मानवीय र भौतिक क्षति बढ्दै गएपछि बाइडेन प्रशासनमाथि दबाब बढ्न थालेको छ ।

इजिप्टका मध्यस्थकर्ताले पनि युद्ध रोक्ने प्रयास गरिरहेका छन् । उनीहरूले इजरायलको जवाफको प्रतीक्षा गरिरहेको बताएका छन् ।

हमासका एकजना वरिष्ठ अधिकारी मौसा अबु मार्जोकले लेबनानी टेलिभिजनसँग कुरा गर्दै एक दुई दिनभित्रै युद्धविराम हुने अपेक्षा गरिएको बताएका छन् ।

जर्मनीका विदेशमन्त्री हेको मास पनि इजरायली र प्यालेस्टिनीसँग वार्ता गर्न बिहीवार त्यसतर्फ प्रस्थान गर्दैछन् । इजरायली विदेश मन्त्रालयले इजरायलको कारबाईप्रति समर्थन जनाउन स्लोभाकिया र चेक गणतन्त्रका विदेशमन्त्रीहरूले इजरायल भ्रमण गर्न लागेको जनाएको छ ।

इजरायल र हमासबीच पछिल्लो युद्ध गत मे १० तारिखदेखि शुरू भएको हो । पूर्वी जेरूसेलमस्थित अल अक्सा मस्जिद परिसरमा प्यालेस्टिनी प्रदर्शनकारी र इजरायली प्रहरीबीच निकै दिनदेखि जारी भिडन्तपश्चात् हमास लडाकूले जेरूसेलमलाई लक्षित गरी लामो दूरीका क्षेप्यास्त्र प्रहार गरेपछि इजरायलले हमास विरुद्ध कारबाई थालेको थियो ।

अल अक्सा मस्जिद परिसरमा प्रहरीको दमनका साथै यहूदीहरूले दर्जनौं प्यालेस्टिनी परिवार विस्थापित गर्न खोजेपछि परिस्थिति अझ जटिल बनेको थियो । त्यसयता इजरायलले सयौं हवाई हमला गरिसकेको छ । इजरायलको भनाइमा यी आक्रमणहरू हमासका सबै किसिमका पूर्वाधार ध्वस्त बनाउन केन्द्रित रहेको छ । हमासले पनि चार हजारभन्दा बढी क्षेप्यास्त्र इजरायलतर्फ प्रहार गरेको जनाएको छ ।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणबाट कम्तीमा २२७ जनाको मृत्यु भएको छ जसमा ६४ जना बालबालिका र ३८ जना महिला छन् । आक्रमणबाट एक हजार ६२० जनाभन्दा बढी घाइते भएका छन् । हमास र इस्लामिक जिहादले आफ्ना कम्तीमा २० जना लडाकू मारिएका जनाएका छन् तर इजरायलले १३० जना हमास लडाकू मारिएको दाबी गरेको छ । रासस

## सात मन्त्रीलाई निरन्तरता दिनु असंवैधानिक

काठमाडौं, ६ जेठ/रासस

सर्वोच्च अदालतले वर्तमान सरकारमा रहेका सातजना मन्त्रीलाई निरन्तरता दिनु असंवैधानिक भएको ठहर गरेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको आजको एकल इजलासले सांसद नै नरहेका व्यक्तिलाई मन्त्रीको हैसियतबाट कुनै पनि काम नगराउन अन्तरिम आदेश जारी गरेको हो ।

गत वैशाख ३० गते तेस्रोपटक प्रधानमन्त्री नियुक्त भएपछि प्रधानमन्त्री ओली नेतृत्वका सरकारमा रहेका तर सांसद नरहेका रामबहादुर थापा, टोपबहादुर रायमाझी, लेखराज भट्ट, गौरशङ्कर चौधरी, प्रभु साह, मणिचन्द्र थापा र दावा तामाङको मन्त्री पद असंवैधानिक भएको ठहर भएको हो ।

आदेशमा भनिएको छ, "नेपालको संविधानको धारा ७८ को उपधारा १,२,३ को व्यवस्था, संविधानको मूल मर्म र भावनको विपरीत भएको देखिंदा त्यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म यसरी



प्रत्यर्थीहरूलाई मन्त्री बनाउन सिफारिश गरी नियुक्ति गरिएको र शपथग्रहणलगायतका कार्यहरू संविधान अनुकूल नरहेकोले मन्त्रीको हैसियतमा कुनै पनि कामकारबाही नगर्नू, गर्न नदिनू ।"

नेपालको संविधानको धारा ७८ (१) मा सङ्घीय संसद्को सदस्य नरहेको व्यक्तिले मन्त्री पदको शपथ खाएको ६ महीनाभित्र सङ्घीय संसद्को सदस्यता लिनुपर्ने व्यवस्था छ । सोही धाराको उपधारा १ बमोजिम नियुक्त मन्त्रीले ६ महीनाभित्र संसद्को सदस्यता प्राप्त गर्न नसकेमा तत्काल कायम रहेको प्रतिनिधिसभाको कार्यकालभर पुनः मन्त्री पदमा नियुक्तिका लागि योग्य नहुने भनिएकाले सातजना मन्त्रीको नियुक्ति संविधानको भावनाविपरीत रहेको अदालतले ठहर गरेको छ ।

आदेशमा मुद्दाको अन्तिम किनारा नलागेसम्म सातजना मन्त्रीको पद स्वतः रिक्त भएको छ । सर्वोच्च अदालतको गत फागुन २३ गतेको फैसलापछि सातजना नेता नेकपा (माओवादी केन्द्र)मा नफर्की नेकपा (एमाले)मा प्रवेश गरेका र सांसद पद खारेज भएपछि पनि प्रधानमन्त्री केपीशर्मा ओलीको पछिल्लो मन्त्रिपरिषद्मा शपथ लिएका थिए ।

## रेम्डेसिभिर नेपालमा उत्पादन हुने

काठमाडौं, ६ जेठ/रासस

कोभिड–१९ सङ्क्रमितको उपचारका लागि प्रयोग गरिने रेम्डेसिभिर औषधि




नेपालमा नै उत्पादन हुने भएको छ । औषधि व्यवस्था विभागले रेम्डेसिभिर उत्पादन गर्ने अनुमति दिएपछि नेपालमा नै उत्पादन हुने भएको हो ।

विभागका सूचना अधिकारी सन्तोष केसीले रेम्डेसिभिर उत्पादन गर्नका लागि वीरगंजस्थित नेशनल हेल्थ केयरलाई अनुमति दिइएको जानकारी दिए । औषधि उत्पादन गर्ने कम्पनीका सबै संरचना हेरेर र उत्पादन गर्न सक्ने भएपछि मात्र अनुमति दिइएको जनाइएको छ ।

यस अघि नेपालमा सो औषधि भारत र बङ्गलादेशबाट ल्याउने गरिएको थियो । औषधिको मूल्य करीब रु पाँच हजार पर्छ । नेशनल हेल्थ केयरका उपाध्यक्ष अजय पाण्डेले अनुमति पाइसकेपछि चीनबाट कच्चा पदार्थ ल्याउने तयारी गरिएको जानकारी दिए । यही जेठ १७ गतेसम्म औषधिका लागि कच्चा पदार्थ ल्याइने र १५ दिनपछि उत्पादन गरेर बजारमा पुऱ्याइने बताइएको छ ।

## अवैध घरेलु मदिराभट्टी नष्ट

प्रस, पोखरिया, ६ जेठ/

इलाका प्रहरी कार्यालय पोखरियाले अवैध मदिराभट्टी नष्ट गरेको छ ।



पोखरिया नगरपालिका–४ बजार क्षेत्रमा किशोरी साह कलवारको घरमा सञ्चालित अवैध मदिराभट्टी आज नष्ट गरिएको इप्रका पोखरियाका प्रहरी निरीक्षक दीपक सिंहले बताए ।

मदिराभट्टीमा छापामारी गर्दा ७ सय लिटर कच्चा मदिरा, मेशिन र भाँडाकुँडा बरामद भएको र नष्ट गरिएको उनले बताए ।

## लमजुङमा २४ घण्टामा ८६ पटक भूकम्पको धक्का

लमजुङ, ६ जेठ/रासस

गण्डकी प्रदेश अन्तर्गत पहाडी जिल्ला लमजुङमा कोरोना सङ्क्रमण र निषेधाज्ञाबीच २४ घण्टामा सानाठूला गरी ८६ पटक भूकम्पको धक्का महसूस



भूकम्पपश्चात् सुरक्षाका लागि घरबाहिर सडकमा निस्केका बेंसीशहर नगरपालिका–७ का स्थानीय बासिन्दा । तस्वीरः रासस

गरिएको छ । जिल्लाको मर्स्याङ्दी गाउँपालिकास्थित भुलभुले केन्द्रबिन्दु बनाएर बुधवार बिहान ५ बजेर ४२ मिनेटमा ५.८ रिक्टर स्केलको भूकम्प गएयता आज बिहान ५ बजेर ५१ मिनेटसम्म यतिका सङ्ख्यामा भूकम्पको धक्का महसूस भएको हो ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार यस अवधिमा चार रेक्टरभन्दा माथिका ६ वटा र सो भन्दा कम रेक्टरका ८२ वटा भूकम्पका धक्का गएको छ । चारभन्दा माथि बुधवार बिहान ५ बजेर ४२ मिनेटमा ५.८, ८ बजेर १६ मिनेटमा ४, ८ बजेर १७ मिनेटमा ४.१, ८ बजेर २६ बजेटमा ५.३, बुधवार राति ९ बजेर २३ मिनेटमा ४ र १० बजेर ३९ मिनेटमा ४.५ रिक्टर स्केलको भूकम्प गएको उक्त केन्द्रले जनाएको छ । केन्द्रका अनुसार आज बिहान ५ बजेर ५१ मिनेटमा ३.२ रिक्टर स्केलको भूकम्प गएको छ ।

यसरी पटकपटक भूकम्प जाँदा जिल्लावासी त्रसित भइरहेका छन् । बुधवार बिहानदेखि साँझसम्म नै भूकम्पको त्रासले आजित बनाएको जिल्लावासीलाई रातिको समयमा समेत पटकपटक भूकम्पको धक्का जाँदा राम्ररी सुत्न त के, घरभित्र बस्न पनि समस्या भयो । कतिपय स्थानीयवासी रातभरि घरबाहिर नै सुते भने कति नसुती भित्र बाहिर गरिरहे । जिल्लामा भूकम्प जाँदा सहजरूपमा बाहिर बस्न सक्ने स्थिति समेत थिएन । रातिको समय वर्षा भइरहेकोले थप समस्या भएको स्थानीयवासीको भनाइ छ ।

कोरोना सङ्क्रमणको जोखिम उच्च भएको भन्दै सरकारले निषेधाज्ञासमेत जारी गरेको छ । सङ्क्रमणको जोखिम र निषेधाज्ञाका क्रममा घरबाहिर ननिस्कन र भीडभाड नगर्न बताइएको छ ।

यसैबीच भूकम्प जाँदा जिल्लाबासी घरबाहिर भीडभाड गरेर बस्न बाध्य भए । कोरोना सङ्क्रमण परीक्षण नगरेकालाई सङ्क्रमणको जोखिम भए सबैलाई सर्ने उच्च सम्भावनाले पनि मन आत्तिएको बेंसीशहर नगरपालिका–८ की सिर्जना श्रेष्ठको भनाइ छ । उनले भनिन्– "कोरोनाको यस्तो जोखिम मोलेर पनि भूकम्प आउँदा बाहिर निस्केर अन्य गाउँले भएकै ठाउँमा गएर बस्ने र भूकम्प धक्का कम भएपछि घरभित्र पस्ने गरेर रात बिताइयो ।" सिर्जना जस्तै समस्या अधिकांश जिल्लाबासीको छ । जिल्लामा छजना घाइते भए भने २०० घरमा क्षति पुग्यो ।

भूकम्प पटकपटक जानाले अझै घर तथा मानवीय क्षति हुन्छ कि भन्ने डरले गाउँलेहरूलाई पिरोलिरहेको छ ।

यता भूकम्प मापन तथा अनुसन्धान केन्द्रले समेत भूकम्पको धक्का अब रोकिन सक्छ वा अझै ठूलो आउन सक्छ यकीन भन्न सक्ने अवस्था नभएको जानकारी दिएको छ । प्रमुख जिल्ला अधिकारी होमप्रसाद लुइँटेलले सबैजना सुरक्षित, सतर्क र सजग भएर बस्नुपर्ने बताए । उनले यो विपद्को घडीमा सबैलाई एकजुट भएर अघि बढ्न र नआत्तिन आग्रह गरेका छन् ।

# पटके सवारी र पार्किङ शुल्क ठेक्का बदर गर्न वीउवासङ्घको माग

प्रस, वीरगंज, ६ जेठ/

वीरगंज उद्योग वाणिज्य सङ्घले वीरगंज महानगरपालिकाले आव २०७८/०७९ को लागि सवारी पार्किङ शुल्क र पटके सवारी व्यवस्थापन सेवा शुल्क लिनका लागि गरेको ठेक्का आह्वान बदर गर्न माग गरेको छ।

सङ्घले बिहीवार विज्ञप्ति जारी गर्दै नेपालको संविधान २०७२ मा व्यवस्था नभएको पटके सवारी व्यवस्थापन शुल्क महानगरपालिकाले उठाउँदै आएको र अहिले आएर पटके सवारी करको लागि ठेक्का आह्वान गरेकोमा आपत्ति जनाएको छ।

सङ्घले वीरगंज भन्सार कार्यालय, सुक्खा बन्दरगाह र एकीकृत सुरक्षा जाँच चौकीबाट निस्कने सवारीसाधनहरूसँग गुडिरहेको अवस्थामा बलजफ्ती पटके सवारी व्यवस्थापन सेवा शुल्क सङ्कलन गर्ने कार्य आफैंमा गैरकानूनी भएको र अहिले आएर सम्पूर्ण महानगरपालिकालाई पार्किङस्थल ठानेर सवारी पार्किङ ठेक्का लगाउनु कानूनसम्मत नभएको भन्दै बदर गर्न माग गरेको छ।

सङ्घले भन्सार क्षेत्रमा महानगरले सवारी व्यवस्थापनको क्षेत्रमा कुनै काम नगरेको तर पनि गुडिरहेका सवारीसाधनबाट सोबापतको सेवा शुल्क लिनु र अहिले आएर आफूले तयार पारेको पार्किङ क्षेत्रमा मात्र पार्किङ शुल्क लिनुपर्नेमा महानगरपालिकाभरि नै यस प्रकारको शुल्क लिन खोज्नु न्यायोचित नभएको भनी ध्यानाकर्षण गराएर ठेक्का आह्वान बदर गर्न माग गरेको छ।



यो वीरगंजको विपी उद्यानको दृश्य हो। निषेधाज्ञा जारी भएको वैशाख १६ गतेदेखि बिहान ८ बजेसम्म तरकारी खरीद-बिक्रीको लागि यसैगरी भीड लाग्ने गरेको छ।

# बेमौसमी वर्षाले धानखेती गर्ने किसान चिन्तित

प्रस, सेढवा, ६ जेठ/

जेठको पहिलो सातासम्म पटक-पटक परेको बेमौसमी वर्षाका कारण वर्षाका कारण खेतबारी खनजोत गर्न नसकेको किसानहरूले गुनासो गरेका छन्।

जीराभवानी गाउँपालिका वडा नं २ यसपटक बेमौसमी वर्षाका कारण किसानहरूले गहुँको ठुटोसमेत जलाउन नसकेको किसान चौधरीले बताए।



तस्वीरः प्रतीक

किसानहरूले खेत खनजोत गर्न नपाउँदा चिन्तित भएका छन्।

लगातार वर्षा भइरहेका कारण मुख्य बाली धानको लागि खेतबारी किसानहरूले खनजोत गर्न पाएका छैनन्। खेतमा लगाइएका गहुँबाली भित्र्याएको महीना दिनभन्दा बढी बितिसक्दा पनि बेमौसमी सेढवाका किसान प्रदीप चौधरीका अनुसार अहिलेको समयमा टन्टलापुर घाम लाग्नुपर्ने र घाम लाग्दा किसानहरूले खेतको आलीधुर सकेर एक/दुई पटक जोताइ गर्दा खेतमा भएका झारपात तथा विभिन्न प्रकारका घाँस सुकेर सफा हुने गरेको बताए। तर खेतमा जमेको पानी सुक्न नपाउँदै पटक-पटकको वर्षाका कारण खेत जोत्न नसकिएको जगरनाथपुर गाउँपालिका वडा नं १ का किसान रमेश चौधरीले गुनासो गरे। बेमौसमी पानीका कारण वैशाख महीनाको अन्तिम सातादेखि सोना सारो, भदई मन्सुली तथा सोना मन्सुली धानका बीउ किसानहरूले ब्याडमा छर्न नपाएको किसान चौधरीले बताए।

अहिलेसम्म धानबालीका लागि खेत खनजोत नहुँदा माटो सुकेर खुकुलो नहुने तथा माटोमा पानी प्रवेश गर्ने क्षमता नहुँदा बाली राम्रोसँग फस्टाउन नसक्ने पटेर्वासुगौली गाउँपालिका वडा नं ४ का किसान शिवनारायण दास थारूले बताए। साथै धानबालीका लागि घाम तथा पानी समानरूपमा आवश्यक हुने हुँदा अहिले पानीको मात्रा बढी भइरहेकाले बाली राम्ररी सप्रिन नसक्ने किसान थारूले बताए।

पटेर्वासुगौली गाउँपालिका कृषि शाखाका प्रमुख गोविन्द भैया थारूले धानको बीउ छर्न खासै ढिलो नभएको बताए। तर धानबालीका लागि घाम तथा गर्मी मौसममा खनजोत गर्दा तलको माटो माथि र माथिको माटो तल जाँदा माटोमा भएका विभिन्न अनावश्यक झारपात सुकेर तथा कुहेर कम्पोस्ट मलमा परिवर्तन हुँदा बालीको लागि फाइदा हुने प्रमुख थारूले बताए।

# नारायणी अस्पतालमा तीनजनाको मृत्यु

प्रस, वीरगंज, ६ जेठ/

नारायणी अस्पतालमा बिहीवार तीनजना सङ्क्रमितको मृत्यु भएको छ।

अस्पतालका कोभिड संयोजक डा सरोजरोशन दासले दुईजना महिला र एकजना पुरुष गरी बिहीवार दिउँसोसम्म तीनजना सङ्क्रमितको मृत्यु भएको बताए।

आज मृत्यु हुने तीनैजना पर्सा जिल्लाबाहिरका हुन। बिहान पौने एक बजे मृत्यु भएका ५५ वर्षीय पुरुष सर्लाही जिल्ला मलङ्गवा नगरपालिका-५ निवासी हुन्। उनी सङ्क्रमित भएर नारायणी अस्पतालमा जेठ २ गते भर्ना भएका थिए। यसैगरी, रौतहट जिल्ला निवासी पूरा ठेगाना नखुलेको ४२ वर्षीया महिलाको आज बिहान साढे दश बजे मृत्यु भएको संयोजक डा दासले बताए। मृतक महिला जेठ ५ गते सङ्क्रमित भएकी र नारायणी अस्पतालमा आज मात्र भर्ना भएकी थिइन्। यसैगरी, सर्लाही जिल्ला मलङ्गवा नपा-१० निवासी ३१ वर्षीया महिलाको पनि आज बिहान ११ बजे मृत्यु भएको छ। मृतक महिला वैशाख २५ गतेदेखि सङ्क्रमित भएर नारायणी अस्पतालमा भर्ना भएकी थिइन्।






# निषेधाज्ञा उल्लङ्घन गर्ने १३ जनाविरुद्ध मुद्दा

नितेश कर्ण, वीरगंज, ६ जेठ/

जिल्ला प्रहरी कार्यालय पर्साले निषेधाज्ञा जारी भएदेखि अहिलेसम्म निषेधाज्ञा उल्लङ्घन गर्ने २५ जनालाई पक्राउ गरी १३ जनाविरुद्ध मुद्दा चलाएको छ।

जिप्रका पर्साका प्रवक्ता ओमप्रकाश खनालले निषेधाज्ञाको २०औं दिनसम्म २५ जना पक्राउ परेका र १३ जनाविरुद्ध मुद्दा दायर गरिएको जानकारी गराए। उनले यो अवधिमा २८ वटा भारतीय मोटरसाइकल नियन्त्रणमा लिएर आवश्यक कारबाहीको लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको बताए। यसैगरी, २०औं दिनसम्म निषेधाज्ञामा जारी मापदण्ड, निर्देशनविपरीत सवारीसाधन चलाएको कसूरमा ८८५ वटा मोटरसाइकल, १३ वटा साइकल, २२ वटा अटो, ४ वटा ट्याक्टर र २३ वटा चार पाङ्ग्रे सवारीसाधन नियन्त्रणमा लिएको बताए। निषेधाज्ञा अवधिभर वीरगंज महानगरको मेनरोडमा मात्र तीन सय सुरक्षाकर्मी परिचालन गरिएको प्रवक्ता खनालले जानकारी गराए।

# सौन्दर्यीकरणको नाममा धरोहर नष्ट हुँदै

प्रस, सिम्रौनगढ, ६ जेठ/

ऐतिहासिक एवं धार्मिक महत्त्व बोकेको सिम्रौनगढका धरोहरहरू बेलाबखत विभिन्न कारणबाट नष्ट हुँदै अभियान अन्तर्गत कङ्काली इसरा पोखरीको डिल निर्माणको क्रममा ठेकेदारको लापरवाही एवं गैरजिम्मेवारीपनले ऐतिहासिक धरोहरका स्थानबाट निस्केका पुराना ईंटा, पत्थरको संरक्षण गरिएको छैन। झन नष्ट हुनेगरी डोजर, ट्रक, ट्याक्टर चलाउँदा पुराना ईंटा, पत्थर फुट्ने र जमीनमा पुरिंदै



ऐतिहासिक महत्त्व बोकेको सिम्रौनगढको इसरा पोखरी। तस्वीरः प्रतीक

आएकामा यसपटक भने विकासको नाममा नष्ट हुन थालेको भन्दै स्थानीयले चिन्ता जाहेर गरेका छन्।

यहाँका ऐतिहासिक महत्त्वका वस्तुहरू चोरी भई एवं अन्य कारणबाट नष्ट हुँदै आएका छन्। तर यसपटक भने मुख्यमन्त्री पर्यटकीयस्थल सौन्दर्यीकरण महत्त्वपूर्ण वस्तुहरू नष्ट भइरहेका छन्।

इसरा पोखरीको पुरानो डिलमा ऐतिहासिक महत्त्वका पुराना ईंटा, पत्थर नष्ट हुने तरीकाबाट सौन्दर्यीकरण गर्नेगरी ठेकेदारले काम गरेका कारण स्थानीय चिन्तित भएका हुन्।

इसरा पोखरीको पुरानो डिलमा दुई फिट लामो र एक फिट चौडा आकारका ईंटा र पत्थरहरू छन्।

सोको संरक्षण गर्ने कार्य ठेकेदारबाट भएको छैन। पुरानो डिल भत्काउँदा सो आएका छन्। यसो हुँदा ऐतिहासिक महत्त्वका ईंटा, पत्थर नष्ट भएको अधिकारकर्मी रञ्जीत कुशवाहा बताउँछन्।

मुख्यमन्त्री सौन्दर्यीकरण अभियान राम्रो भएपनि सिम्रौनगढको ऐतिहासिक महत्त्वका वस्तुहरू नष्ट हुनु चिन्ताको विषय भएको र यसबारे अविलम्ब विचार पुऱ्याउन उनले आग्रह गरे। इसरा पोखरी सौन्दर्यीकरण ६ करोड १० लाख रुपैयाँको लागतमा गरिंदैछ।

# देवकोटा राष्ट्रियसभा सदस्यमा निर्वाचित

प्रस, वीरगंज, ६ जेठ/

राष्ट्रियसभा सदस्यमा डा केएल (खिमलाल) देवकोटा विजयी भएका छन्। गृहमन्त्री रामबहादुर थापालाई १०७४ मतभारअन्तरले पराजित गर्दै डा देवकोटा राष्ट्रियसभा सदस्यमा विजयी भएका हुन्। देवकोटाले ५०८८ मतभार पाए भने थापाले ४०१४ मतभार प्राप्त गरेका थिए। डा देवकोटालाई नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी र नेकपा (एमाले) माधव नेपाल समूहको समर्थन प्राप्त थियो।



डा केएल (खिमलाल) देवकोटा।

# छुरा प्रहारबाट घाइते

प्रस, पर्सागढी, ६ जेठ/

पर्सागढी नगरपालिका-४ परशुरामपुर निवासी दुईजना युवकबीच भएको झगडामा एकजनाले छुरा प्रहार गर्दा अर्का युवक घाइते भएका छन्।

शेख समसेद (राजु) र भोला साह देवानबीच आज बिहान झगडा भएको र भोला साह देवानको छुरा प्रहारबाट शेख समसेद घाइते भएका हुन्। समसेदका पिताले छोरामाथि छुरा प्रहार गरिएको बताए। छुरा प्रहारबाट शेख समसेदको घाँटीमा खत भएको छ। उनलाई उपचारका लागि नारायणी अस्पताल वीरगंजमा भर्ना गरिएको छ।



छुरा प्रहारबाट घाइते शेख समसेद।


## स्वास्थ्य नै ठूलो धन हो।

कोभिड-१९ को सङ्क्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं, अत्यावश्यकीय सेवा प्रवाह गर्दा निम्न कुरामा ध्यान दिऔं।

- अनिवार्यरूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्यरूपमा मास्क लगाउन सुसूचित गरौं।
- सेवा प्रवाहमा भौतिक दूरी कायम गरौं।
- साबुन पानीले मिचीमिची हात धुने गरौं वा सेनिटाइजरको प्रयोग गरौं।
- कुनै पनि स्वास्थ्य समस्या भएमा नजीकैको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग